# देवकोटा सन्देश

महाकवि देवकोटा क्याम्पस, सुनवल, नवलपरासी

वर्ष १ | अंक १ | २०७१ पौष | अर्धवार्षिक बुलेटिन

## सम्पादन समिति

संरक्षक
कृष्णप्रसाद लामिछाने
(अध्यक्ष क्याम्पस संचालक समिति)

सल्लाहकार
बैजनाथ चौधरी
विष्णुप्रसाद पौडेल
अर्जुनकुमार पोखरेल
उमानाथ पोखरेल
ठाकुरप्रसाद घिमिरे
बोधराज घिमिरे
भिमबहादुर थापा
अनिलकुमार बस्नेत
(क्यामपस प्रमुख)

सम्पादक
हरिदत्त शर्मा

सह-सम्पादक
नारायणप्रसाद ढकाल

प्रकाशक
महाकवि देवकोटा क्याम्पस
सुनवल-४, नवलपरासी
फोन: ०७८-५७००४९

पत्राचार ठेगाना
महाकवि देवकोटा क्याम्पस
सुनवल-४, नवलपरासी
फोन: ०७८-५७००४९, ६९१०४६
Email:mdc60_edu@yahoo.com



## क्याम्पसको परिचय

भगवान गौतम बुद्धको पवित्र जन्मस्थल रहेको विश्व समुदायमा चिरपरिचित लुम्बिनी अञ्चल, नवलपरासी जिल्लाको सुनवल नगरपालिका वडा नं. ४, रमवापुरमा अवस्थित महाकवि देवकोटा क्याम्पस सामुदायिक स्तरमा सञ्चालित सेवामूलक शैक्षिक संस्था हो । विद्यालयीय शिक्षा पूरा गरिसकेपछि क्याम्पस तहको शिक्षा प्राप्त गर्नको लागि धेरै लगानी र लामो समय खर्च गरी टाढा - टाढा जानु पर्ने तत्कालिन परिस्थितिलाई मध्यनजर गर्दै यस क्षेत्रका समाजसेवी, बुद्धिजीवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमीहरुको सक्रियतामा वि.स. २०६० सालमा स्थापना भएको यो क्याम्पस सुनवल क्षेत्रको शैक्षिक विकासमा कोसेढुङ्गा सावित भएको छ । नवलपरासी जिल्लाको सदरमुकाम परासीदेखि १० कि.मी उत्तरमा पूर्व-पश्चिम लोकमार्गको समिपमा रमणीय प्राकृतिक सौन्दर्यको काखमा रहेको यो क्याम्पसले विद्यार्थीहरुलाई अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ। त्रिभुवन विश्व विद्यालयबाट मानविकी सङ्काय सञ्चालन गर्न सम्बन्ध प्राप्त गरी विधिवत् रुपमा सुरुभएको यस क्याम्पसमा हाल शिक्षा र व्यवस्थापन सङ्काय समेत संचालनमा छन् । विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि समय सापेक्ष अनुसन्धानमूखी वैज्ञानिक शिक्षण विधि अवलम्बन गर्ने तथा व्यवहारिक ज्ञान प्रदान गर्ने कार्यमा क्याम्पस प्रतिबद्ध रहिआएको छ । क्याम्पसलाई उत्कृष्ट प्राज्ञिक स्थलका रुपमा विकास गर्ने, उचित शुल्कमा सर्वशुलभ ढंगले सबै वर्गका विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने, अनुशासित मर्यादित तालिम प्राप्त अनुसन्धानमुखी दक्ष जनशक्ति उत्पादन गर्ने, अनुसन्धान र खोजमूलक कार्यमा जोड दिई प्राज्ञिक उन्नयन गर्ने लक्ष्यका साथ अगाडि बढेको यो क्याम्पस यस क्षेत्रका विद्यार्थीहरुको भविष्य निर्माणको बलियो आधार बनेको छ।

## संचालक समिति अध्यक्षको तर्फबाट........

महाकवि देवकोटा क्याम्पस समुदाय स्तरमा संचालन भएको सेवामुलक शैक्षिक संस्था हो। वि.सं. २०६० सालमा स्थापना भएको यो क्याम्पसले विभिन्न आरोह अवरोह पार गर्दै आजको अवस्थासम्म आइपुगेको छ । यस क्याम्पसले विद्यार्थीहरुलाई समय सापेक्ष शिक्षा प्रदान गर्दै राष्ट्रिय शैक्षिक अभियानमा सहभागि हुँदै आएको छ। क्याम्पसलाई वर्तमान अवस्थासम्म ल्याई पुऱ्याउन आ-आफ्नो स्थानबाट सहयोग पुऱ्याउनु हुने सल्लाहकार समिति, संचालक समिति, राजनैतिक दल, पूर्व संचालक समिति, समाजसेवी, बुद्धिजीवी, व्यापारी, उद्योगपति, प्राध्यापक, कर्मचारी, अभिभावक, विद्यार्थी एवंम् शुभचिन्तकहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। जन स्तरमा संचालित यस क्याम्पसलाई आर्थिक सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी हातहरुलाई हृदयदेखि नै हार्दिक आभार प्रकट गर्न चाहन्छु।

समयानुकुल गुणस्तरिय शिक्षा प्रदान गर्ने लक्ष्य राखेको यस क्याम्पसले हाल Q.A.A. को लागि पाईला चालिरहेको छ। विद्यार्थीहरुको पढाईको साथ-साथै अन्य सुविधाको लागि यो पाईला निकै नै महत्वपूर्ण हुने कुरामा दुई मत नहोला त्यसैले यो कार्यमा सम्पूर्ण महानुभावहरुले सहयोग गर्नुहुनेछ भन्ने विश्वास समेत व्यक्त गर्न चाहन्छु। त्यति मात्रै नभएर क्याम्पसले आफ्ना सम्पूर्ण गतिविधिहरु सरोकारवालाहरु समक्ष छर्लङ्ग पार्न क्याम्पस बुलेटिन प्रकाशन गर्न लागेकोमा उक्त बुलेटिन प्रकाशनमा खटिईरहनु भएका सम्पूर्ण प्राध्यापक तथा कर्मचारीहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। साथै उक्त कार्यले निरन्तरता पाओस् भन्ने आशा समेत व्यक्त गर्दछु।

□□□

## क्याम्पस प्रमुखको कलमबाट.....

यस महाकवि देवकोटा क्याम्पसले वार्षिक बुलेटिन प्रकाशनको सुरुवात गरेकोमा यसलाई एक महत्वपूर्ण कार्यको थालनिको रुपमा मानिएको छ। सर्वप्रथम त यस पुनित कार्यमा निरन्तर मार्ग निर्देश गर्नुहुने सम्पूर्ण क्याम्पस संचालक समिति र सल्लाहकार समितिका पदाधिकारी तथा समस्त समाजसेवी बुद्धिजीवी, शिक्षाप्रेमी महानुभाव ज्यूहरुमा हार्दिक आभार प्रकट गर्न चाहन्छु। साथै यो बुलेटिन प्रकाशन गर्ने कार्यमा निरन्तर मेहनत तथा सहयोग गर्नुहुने प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा अभिभावक ज्युहरुमा समेत हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु । आगामी दिनहरुमा यसले निरन्तरता पाओस् भन्ने शुभकामना पनि व्यक्त गर्न चाहन्छु। कुनै पनि सामाजिक संस्थाले आफ्ना गतिविधि तथा तथ्यहरु विभिन्न प्रकाशनहरु मार्फत् सम्पूर्ण सरोकारवालाहरुलाई सुसूचित गर्नु अहिलेको युगमा एउटा अनिवार्य शर्त मानिन्छ । अतः एवं यसै मान्यतालाई आत्मसात् गर्दै यस क्याम्पसले पनि आफ्ना महत्वपूर्ण गतिविधि र तथ्यहरु सम्पूर्ण सरोकारवालाहरुलाई पारदर्शी रुपमा पस्कँदै जाने पद्धतिको शुरुवातले अवश्य नै संस्थाप्रति सकारात्मक भावना जागृत हुनुको साथै सबैलाई संस्थाको विकासमा गतिशील र चिन्तनशील बनाउने आशा गर्न सकिन्छ जसले यस संस्थाको विकासको लागि महत्वपूर्ण आधारशीला निर्माण गर्ने छ। अन्तमा यो क्रमले निरन्तरता पाउने छ भन्ने सम्पूर्ण प्राध्यापक तथा कर्मचारीहरुको तर्फबाट म सामूहिक प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु।

□□□

## वृक्षारोपण कार्यक्रम सम्पन्न



महाकवि देवकोटा क्याम्पस सुनवलको आयोजनामा मिति २०७१/२/२५ गते यस क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप विभागको सहकार्यमा क्याम्पस हाताभित्र वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ। विभिन्न जातका करिब १५० बिरुवा उक्त अवसरमा रोपिएको थियो । अतिरिक्त क्रियाकलाप विभाग प्रमुख नारायण प्रसाद ढकालको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा स्नातक तह द्वितीय वर्षमा अध्ययनरत करिब ५० जना भन्दा बढी विद्यार्थीहरुको सहभागिता रहेको थियो। सो कार्यक्रममा क्याम्पस प्रमुख अनिलकुमार बस्नेत, सहायक क्याम्पस प्रमुख शिवप्रसाद नेपालको समेत सहभागिता रहेको थियो।बढ्दो तापक्रम र वातावरण प्रदुषणलाई थोरै भएपनि रोक्न उक्त कार्यक्रम निकै फलदायी भएको विचार क्याम्पस प्रमुख बस्नेतले राख्नुभएको थियो।

□□□

## परीक्षा अभिमुखीकरण कार्यक्रम सम्पन्न

महाकवि देवकोटा क्याम्पस सुनवलको आयोजनामा मिति २०७१/२/७ गते यस क्याम्पसमा अध्ययन गरिरहेका विद्यार्थीहरुले मिहिनेत गरेर पढ्दा पनि अपेक्षा गरे अनुसार नतिजा प्राप्त गर्न नसकेको परिस्थितिलाई मध्यनजर गर्दै परीक्षा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । लामो समयदेखि त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न क्याम्पसहरुमा प्राध्यापन साथै शिक्षा शास्त्र संकाय अभ्यास शिक्षण विभाग पूर्व अभ्यास शिक्षण प्रमुख इन्द्रलाल शर्मा सो कार्यक्रममा प्रमुख प्रशिक्षकका रुपमा रहनुभएको थियो । विद्यार्थीले उत्तर लेख्दा के-कस्ता कुरामा ध्यान दिनुपर्छ ?कसरी परीक्षामा राम्रो अङ्क प्राप्त गर्न सकिन्छ ? विद्यार्थीले उत्तर लेख्दा के-कस्ता कुरामा गल्ती गर्छन् ? भन्ने बारेमा प्रशिक्षकले स्पष्ट पार्नुभएको थियो । क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षतामा संचालन भएको उक्त कार्यक्रममा क्याम्पसमा अध्ययनरत ११० जना भन्दा बढी विद्यार्थीहरुको सहभागिता रहेको थियो । सो कार्यक्रममा क्याम्पस संचालक समितिका सदस्य गोपाल शर्मा, क्याम्पस प्रमुख अनिलकुमार बस्नेत, सहायक क्याम्पस प्रमुख शिवप्रसाद नेपाल साथै अन्य प्राध्यापकहरुको समेत कार्यक्रममा सहभागिता रहेको थियो । □□□

## एकदिने अर्न्तक्रिया कार्यक्रम सम्पन्न

महाकवि देवकोटा क्याम्पसको आयोजनामा मिति २०७१/३/५ गते यसै क्याम्पसको सभाहलमा शिक्षक तथा प्राध्यापक र कर्मचारीहरुलाई कर र राजश्व सम्बन्धमा जानकारी दिने उद्देश्यले एकदिने कर र राजश्व विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कोष तथा लेखा नियन्त्रण कार्यालय नवलपरासीका कोष नियन्त्रणक दिपकप्रसाद शर्मा प्रमुख प्रशिक्षक रहनु भएको उक्त अर्न्तक्रिया कार्यक्रमको अध्यक्षता क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेले गर्नुभएको थियो । क्याम्पस वरपरका उच्च.मा.वि, मा.वि तथा क्याम्पसका शिक्षक तथा कर्मचारी जम्मा ६० जनाको उपस्थितिमा सम्पन्न भएको उक्त अर्न्तक्रिया कार्यक्रममा कर तिर्नु प्रत्येक नागरिक दायित्व भएको उल्लेख गर्दै कर सम्बन्धि विस्तृत जानकारी दिँदै सहभागीहरुले राखेका समस्याहरुको समाधान प्रशिक्षक शर्माले गर्नुभएको थियो । उक्त अर्न्तक्रिया कार्यक्रममा क्याम्पस प्रमुख अनिलकुमार बस्नेत, म.क.दे.उ.मा.वि.का प्राचार्य बाबुराम पाण्डे, प्राध्यापक थिरलाल न्यौपाने लगायतले मन्तव्य राख्नुभएको थियो । समापन मन्तवय व्यक्त गर्दै सभाध्यक्ष लामिछानेले अन्तर्क्रिया कार्यक्रमले कर सम्बन्धि भएका अस्पष्टतालाई मेटाएको बताउनु भयो । □□□

## संयुक्त भ्रमण सम्पन्न



महाकवि देवकोटा क्याम्पस सुनवलको आयोजनामा मिति २०७१/३/१९ गते संचालक समिति, प्राध्यापक र कर्मचारीहरुको संयुक्त भ्रमण सम्पन्न भएको छ । Q.A.A. प्राप्त क्याम्पसको भ्रमण गर्ने उद्देश्यले सो संयुक्त टोलीले चितवनको बालकुमारी क्याम्पस र शहिद स्मृति क्याम्पसलाई मुख्य गन्तव्य स्थल बनाएको थियो । सो भ्रमण टोलीमा करिब २५ जनाको सहभागिता रहेको थियो । टोलीमा सहभागी क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेले सो भ्रमणबाट Q.A.A. सम्बन्धि प्रयाप्त जानकारी प्राप्त भएको बताउनु भयो । क्याम्पस प्रमुख अनिल कुमार बस्नेतले Q.A.A. प्रक्रियाको लागि उक्त भ्रमण कोसेढुङ्गा साबित भएको जानकारी दिनुभयो । □□□

## वादविवाद प्रतियोगिता सम्पन्न



महाकवि देवकोटा क्याम्पस सुनवलको आयोजनामा नेपाल रेडक्रस सोसाईटी सुनवल उपशाखाको सभाहलमा मिति २०७१/०७/२८ गते वादविवाद प्रतियोगिता सम्पन्न भएको छ। "वैदेशिक रोजगार भन्दा स्वदेशी उद्यम नै वेस" भन्ने विषयमा सम्पन्न उक्त वादविवाद प्रतियोगिताको अध्यक्षता क्याम्पस प्रमुख अनिलकुमार बस्नेतले गर्नुभएको थियो। क्याम्पसका प्राध्यापक,कर्मचारी साथै विद्यार्थी लगायत १५० जना भन्दा बढीको सहभागिता रहेको सो प्रतियोगितामा १० जना विद्याथीहरुले प्रतियोगिको रुपमा भाग लिएका थिए। विद्यार्थीहरुमा तार्किक क्षमताको बृद्धि गर्न सञ्चालन गरिएका यस्ता प्रतियोगिताले विद्यार्थीहरुमा प्रतिस्पर्धाको भावना जगाउने कुरा क्याम्पस प्रमुख तथा सभाअध्यक्ष बस्नेतले बताउनुभयो। निर्णायक मण्डलका संयोजक रुकमागत बस्यालले निर्णय प्रस्तुत गर्नुभएको उक्त प्रतियोगितामा तारा बराल, टिकाराम भुषाल, पवित्रा कुँवर र अनु पाठकले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्नुभएको थियो। पुरस्कार वितरण गर्दै त्रिभुवन विश्व विद्यालय अन्तर्गतको बुटवल बहुमुखी क्याम्पसका सह-प्राध्यापक थिरलाल न्यौपानेले विद्यार्थीहरुले गरेका त[illegible] राखेका विचार निकै महत्वपूर्ण र समय सापेक्ष रहेको बताउनु भयो।

□□□

## र्‍यालीमा सहभागी



जिल्ला प्रहरी कार्यालय नवलपरासी, सुनवल जेसिस र इलाका प्रहरी कार्यालय सुनवल साथै सुनवल नगरपालिकाको संयुक्त आयोजनामा मिति २०७१/८/१२ गते "लागु औषध दुर्व्यसन बिरुद्ध एकजुट बनौं" भन्ने मूल नारा रहेको सचेतना मूलक र्‍याली सम्पन्न भएको छ। सो र्‍यालीमा यस महाकवि देवकोटा क्याम्पसका प्राध्यापक र विद्यार्थी गरी करिब ३० जना भन्दा बढीको सहभागिता रहेको थियो। लागु पदार्थ दुर्व्यसनबाट अहिलेका युवा युवतीलाई बचाउने उद्देश्यले संचालन भएको सो कार्यक्रम विद्यार्थीहरुका लागि निकै फलदायी भएको क्याम्पस प्रमुख अनिलकुमार बस्नेतले बताउनुभयो।

## स्वयम सेवकका रुपमा परिचालन



मिति २०७१/०८/२३ देखि २०७१/०९/०३ सम्म सुनवल नगरपालिकाको सुनवल बजारमा संचालन हुन लागेको श्रीमद् भगवत विश्व जागरण ज्ञान महायज्ञमा यस क्याम्पसका २५ जना छात्रछात्रालाई स्वयम् सेवकको रुपमा परिचालन गरिएको थियो। विद्यार्थीहरुलाई सामाजिक सेवामा सहभागी गराउँदै नेतृत्व विकास गर्न यस्ता कार्यक्रमले सहयोग पुर्‍याउने अपेक्षा सहित सहभागि गराइएको हो। १५ जना छात्रा र १० जना छात्रहरु रहेको स्वयम् सेवक टोलीले प्रत्येक दिन बिहान ९:४५ देखि साँझ ५ बजे सम्म स्वयम् सेवकको रुपमा काम गरेको थियो। उक्त महायज्ञमा स्वयम् सेवक परिचालन उप- समितिले स्वयम् सेवकको रुपमा विद्यार्थी सहभागी गराउन आग्रह गरेको हुनाले स्वयम् सेवक पठाइएको अतिरिक्त क्रियाकलाप विभाग प्रमुख नारायण प्रसाद ढकालले बताउनु भयो।

□□□